NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# द कार्टर सेन्टर अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसन, नेपाल
# दोस्रो पूर्वनिर्वाचन विज्ञप्ति

**२५ जेष्ठ २०६४**
**शीघ्र प्रकाशनका लागि**

**सम्पर्क ठेगाना**
**एटलान्टा : डेबोराह हेक्स १ ४०४ ४२० ५१२४**
**काठमाडौं : डारेन नान्स ९७७ १ ४४४ ५०५५/१४४६**

यस विज्ञप्तिले नेपालमा कार्यरत द कार्टर सेन्टर अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षण मिसनको पर्यवेक्षण तथा निरन्तर उपलब्धिहरू प्रस्तुत गर्दछ । यस सेन्टरल मार्च २००७ मा विभिन्न नौ देशका तेह्रजना दीर्घकालीन पर्यवेक्षकहरूलाई संविधान सभाको निर्वाचनको अवधिसम्मको लागि राजनैतिक तथा निर्वाचनसम्बन्धि वातावरणको लेखाजोखा गर्न नेपाल अधिराज्यभर खटायो । हाल यस सेन्टरका पर्यवेक्षककहरू ७५ जिल्लामध्ये ७० भन्दा बढि जिल्लामा, जिल्ला सदरमुकाममा मात्र सिमित नभइ गाउँ स्तरसम्म पुगिसकेका छन् ।

तल प्रस्तुत गरिएका अवलोकन तथा सिफारिसहरू कार्टर सेन्टरको अप्रिल १६ को निर्वाचन पूर्वको विज्ञप्तिको विकसित रूप हो साथै कार्टर सेन्टरको प्रधान कार्यालयका कर्मचारी तथा दीर्घकालीन पर्यवेक्षककहरूले निर्वाचन अधिकारी, सरकारी कर्मचारी, राजनैतिक दल, नागरिक समाजका नेता, सुरक्षा अधिकारी, नेपाली नागरिक तथा अन्तर्राष्ट्रिय समुदायहरूका बैठकहरूबाट संकलन गरेको सूचनामा आधारित छन् ।

द कार्टर सेन्टरले निर्वाचन सम्बन्धि पर्यवेक्षण कृयाकलापहरू नेपालको प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणसम्बन्धि सिद्धान्तहरूको घोषणापत्र *(Declaration of Principles for International Election Observation)* अनुरुप गैर दलगत रूपमा, पेशागत तवरले सञ्चालन गर्दछ । यस केन्द्रले अन्य अन्तर्राष्ट्रिय तथा स्थानीय पर्यवेक्षक प्रतिनिधिहरूसँग निकटतम समन्वय गर्दै यसका उपलब्धि तथा सिफारिससम्बन्धि आवधिक विज्ञप्तिहरू आफ्नो वेभ साइट www.cartercenter.org मार्फत प्रकाशन गर्दछ । कार्टर सेन्टर नेपालको उद्देश्य संविधान सभाको निर्वाचन प्रकृयामा सहयोग पुऱ्याउनु तथा संविधानसभा निर्वाचन प्रकियाको स्वतन्त्र मूल्याङ्कनका लागि अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्नु हो । द कार्टर सेन्टरले आफ्ना कृयाकलाप मार्फत नेपाली जनताबाट स्वीकारयोग्य विश्वसनीय प्रकृया सुनिश्चित गर्न सहयोग पुऱ्याउने र यसले विद्यमान शान्ति प्रकृयाका उपलब्धिहरूलाई सुदृढ गर्न मद्धत गर्दछ भन्ने अपेक्षा गर्दछ ।

## मूलभूत बुँदाहरू:

### १. निर्वाचनको तयारीका लागि दिगो प्रयास

द कार्टर सेन्टर नोभेम्वरको अन्त्य वा डिसम्वरको शुरुमा संविधान सभाको निर्वाचन गर्ने तथा अन्तरिम विधायिका संसदको कार्यवाहीलाई निरन्तरता दिने आठ दलको हालसालैको सहमतिबाट उत्साहित भएको छ । यसका अतिरिक्त अन्तरिम संविधान संसोधन गर्नका लागि ७ जुन मा दर्ता गरिएको विधेयक तथा राज्य व्यवस्था समिति

मा संविधान सभा निर्वाचन प्रणालीसम्बन्धि गरिएका छलफलहरूले विगतका धेरै महिनाको राजनैतिक गतिरोध सम्भवत समाप्त हुन लागेको इंगित गर्दछ ।

एकातर्फ निर्वाचनसम्बन्धि गतिविधिको पुनारम्भका कारण कार्टर सेन्टर उत्साहित भएको छ भने अर्कातर्फ हिउंदमा सम्पन्न हुने निर्वाचनलाई सहजता प्रदान गर्नका लागि उपलब्ध अत्यन्तै छोटो समयमा सम्बोधन गर्न बाँकि रहेका धेरै सवालहरूमा यस सेन्टरको सरोकार रहेको छ । निर्वाचनसम्बन्धि कानुन व्यापक रूपमा मान्य हुनेछन् र यसले निर्वाचन प्रकृयालाई अघि बढाउन सहजता प्रदान गर्नेछ भन्ने कुरा सुनिश्चित गर्न परामर्श तथा समावेशीको संयन्त्र तथा नयाँ निर्वाचन क्षेत्रहरूको निर्धारणलाई सिमान्तिकृत समूहहरूले स्वीकार गर्नु महत्वपूर्ण हुनेछ । यस्तो सम्झौता पश्चात कार्टर सेन्टर निर्वाचनसम्बन्धि कानुन तुरुन्तै पास गरिनेछ र निर्वाचनको मिति घोषणा गरिने छ भन्ने कुरामा आशावादी छ । निर्वाचन आयोगले अनुरोध गरेको ११० दिनको पूर्व तयारीको समय अगष्टको पूर्वार्धमा समाप्त हुनेछ र निर्वाचनको तिथी तय भइसकेपछि आयोग आफ्नो प्रयासका लागि राम्रो योजना बनाउन तथा निर्वाचन हुने कुरामा नेपाली जनताको विश्वास पूनप्राप्त गर्न सक्षम हुनेछ ।

राजनैतिक नेतृत्वले निर्वाचनसम्बन्धि विभिन्न सवालहरूमा छलफल गर्ने भएकोले, यस सेन्टर समानुपातिक निर्वाचन प्रणालीमा उम्मेद्वारको क्रम सूचिको सवाललाई पूनर्विचार गर्न आफ्नो सिफारिस दोहोऱ्याउँदछ । हाल छलफलमा रहेको प्रणालीले निर्वाचन परिणाम प्राप्त भइसकेपश्चात दलहरूलाई समानुपातिक प्रतिनिधित्वका क्रम सूचिका उम्मेदवारलाई जितेको सिट वितरण नगरि कुनै पनि उम्मेदवारलाई सिट वितरण गर्न अनुमति प्रदान गर्दछ । क्रम भंग गरी कुनै पनि उम्मेदवारलाई जितेको सिट वितरण गर्न सक्ने प्रणाली लागु गरिएमा उम्मेद्वारको सूचीबाट कसले जित्नसक्ने सम्भावना रहन्छ भन्ने विषयमा मतदाताहरूका लागि पारदर्शिता नहुनुका साथै राजनैतिक दलहरूले आफ्ना उम्मेदवारहरूको असमानुपातिक नियन्त्रण गर्न सक्नेछन् । हाल छलफलमा रहेका दुबै प्रणालीले सिमान्तिकृत समूहहरूलाई कोटा प्रदान गर्ने भए तापनि यस सेन्टर राजनैतिक नेतृत्वलाई मतदाताहरूका लागि बढि पारदर्शी हुने प्रकृया अवलम्वन गर्न प्रोत्साहित गर्दछ ।

आठ दल गठबन्धनको हालसालैका पहलहरूले संविधान सभाको निर्वाचन सम्पन्न गर्नु साझा जिम्मेवारी हो भन्ने पहिचान गरेको जनाउँदछ भन्ने कुरामा द कार्टर सेन्टर आशावादी छ । देशले हाल सामना गर्नु परेका जल्दाबल्दा सवालहरूलाई सम्बोधन गर्न एउटा सामूहिक तथा महत्वपूर्ण योजनाको आवश्यकता छ भने संविधान सभाको निर्वाचनको तिथि घोषणा गर्नु पर्ने पनि उत्तिकै महत्वपुर्ण रहेको छ । यस समयमा वर्तमान सरकारको सम्भावित सङ्क्रमणकालीन स्वरुप तथा चुनौतिपूर्ण राजनैतिक स्थितिलाई मध्यनजर राख्दा निरन्तर प्रगति सुनिश्चित गर्नका लागि प्रमुख सरोकारवालाहरूको प्रतिवद्धता तथा सहयोग अपरिहार्य छ ।

**द कार्टर सेन्टर व्यापक परामर्श गरि सिमान्तिकृत समूहहरूको चित्त बुझ्ने गरि निर्वाचनसम्बन्धि बाँकि रहेका सम्पूर्ण कानुन तथा निर्वाचनको नयाँ तिथि सम्बन्धि कार्यहरू लगायतसंविधान सभा निर्वाचनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने साझा उद्देश्य तर्फ केन्द्रित हुन नेपाल सरकारलाई प्रोत्साहित गर्दछ ।**

## २. सिमान्तिकृत समूहहरूसँग सारवान संवाद जारी राख्ने

द कार्टर सेन्टर सिमान्तिकृत समूहहरूका सरोकारका सवालहरूलाई शान्तिपूर्ण संवाद मार्फत समाधान गर्ने सरकारले जाहेर गरेको प्रतिवद्धताको प्रशंसा गर्दछ । यसका अलावा यस सेन्टर शान्ति तथा पुनः निर्माण मन्त्रालय मार्फत सरकारले मधेसी, महिला तथा जनजातिहरूसँग वार्ता शुरु गर्नका लागि चालेका सकारात्मक कदमहरूको अभिलेख राख्दछ । यस सेन्टर दलित प्रतिनिधिहरूसँग पनि यस्तै वार्ता गर्न सरकारलाई प्रोत्साहित गर्दछ किनभने उनीहरू पनि एउटा सिमान्तिकृत समूह हुन् जसलाई विशेषत समावेशीका लागि लक्षित गरिनु पर्दछ । सरकार तथा मधेसी जन अधिकार फोरमवीच जुन १ मा भएको वार्ताको सत्रबाट प्राप्त प्रतिवेदनअनुसार वार्ता सकारात्मक रूपमा अघि बढिरहेको छ र अन्य समूहहरूसँग पनि यसै गरि वार्ता अघि बढ्ला भन्ने विश्वास गरिएको छ । वार्ता शुरुगर्नु सह्रानीय कदम भए तापनि छलफल गरिएका चुनौतिपूर्ण सवालहरूलाई टुंगोमा पुऱ्याउने आवश्यकता महत्वपूर्ण कार्यको रूपमा रहन्छ । निर्वाचन तथा वार्ता प्रकृयाहरूलाई समानान्तर रूपमा अघि बढाउनका लागि सिमान्तिकृत समूहहरूका निर्वाचन प्रणालीसम्बन्धि मागहरू तथा उनहिरूले उठाएका सरोकारका व्यापक प्याकेजलाई छुट्ट्याउन आवश्यक छ ।

द कार्टर सेन्टर सिमान्तिकृत समूहहरूका सरोकारहरू वैध तथा मननयोग्य छन् भन्ने कुराको उच्च स्तरीय सरकारी पदाधिकारीहरूले सार्वजनिक रूपमा स्वीकार गर्नु महत्वपूर्ण हुन्छ भन्ने कुराको अभिलेख राख्दछ । सिमान्तिकृत समुदायहरूलाई शिक्षित पार्न तथा संविधान सभाको निर्वाचन प्रकृयामा समावेश गर्न केन्द्रीय तहमा मात्र नभएर जिल्ला तथा गाउँ तहमा समेत उल्लेखनीय प्रयास गरिनेछन् भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा द कार्टर सेन्टरले जिल्ला निर्वाचन अधिकृतहरूको समावेशीका सवालहरूलाई सम्बोधन गर्ने कृयाकलाप जस्तै जिल्लाभित्र भाषिक क्षेत्रहरूको नक्सांकन गर्ने, प्रयासहरूको कदर गर्दछ साथै उहाँहरूको प्रभावकारी मतदाता शिक्षाका प्रयासहरूको कार्यान्वनमा सहजता प्रदान गर्नेजस्ता जस्ता कृयाकलापको व्यापक निरन्तरतालाई समर्थन गर्दछ ।

**यो सेन्टर मधेसी, जनजाती, दलित तथा अन्य सिमान्तिकृत समूहहरूसंग सम्बन्धित प्रमुख सवालहरूको शिघ्र समाधान तर्फ आफ्नो प्रयासलाई निरन्तरता दिन तथा सुदृढ गर्नका लागि सरकारलाई प्रोत्साहित गर्दछ ।**

## ३. विस्तृत तथा प्रभावकारी सार्वजनिक सुरक्षा योजना विकास गरि लागु गर्ने

देशमा विद्यमान कमजोर सुरक्षाप्रति द कार्टर सेन्टर चिन्तित छ । यस सेन्टरका दिर्घकालिन पर्यवेक्षकहरूले हिंसा, तोडफोड, धम्कि तथा विभिन्न समूहहरूबाट परेशानीका प्रतिवेदन प्राप्त गरिरहेका छन् । विशेसगरी तराईमा रहेका विभिन्न समुहहरूले हिंसात्मक तथा गैर कानुनी कृयाकलापहरू निरन्तर रूपमा सञ्चालन गरिरहेका हुनाले नेपाली नागरिक तथा सरकारी कर्मचारीहरूका गतिविधिमा ह्रास आएको छ । यसका अतिरिक्त, माओवादी कार्यकर्ताहरू तथा माओवादीको भातृ संगठन Young Communist League (YCL) मे २००६ को आचार संहिता उल्लंघन गर्ने खालका कृयाकलापमा संलग्न छन् । माओवादी तथा YCL कार्यकर्ताहरू देशको विभिन्न भागमा राम्रो काममा संलग्न भए तापनि उनीहरूका निरन्तर आक्रामक व्यवहारले विद्यमान रुपान्तरण प्रकृयालाई नकारात्म असर पार्दछ । यसका अतिरिक्त, केन्द्रीय तहमा माओवादीहरूले उत्साहीत रुपमा सम्पत्ति तथा विस्थापित व्यक्तिहरूलाई फिर्ता गर्ने तथा प्रहरी चौकिहरूको पुनर्स्थापना गर्ने सार्वजनिक वक्तव्य वारम्वार जारी गरे तापनि यस सेन्टरको अवलोकनमा देशका धेरै भागमा अझै पनि यी प्रकृयाहरू अघि बढिरहेको देखिदैनन् । अन्त्यमा, बढ्दो आपराधिक कृयाकलापहरू तथा अराजकता पनि विद्यमान भएकाले यिनीहरूले सुरक्षाको कमजोर वातावरणलाई अझै प्रभाव पार्दछन् ।

द्वन्द्व रूपान्तरणको क्रममा सार्वजनिक सुरक्षाको व्यवस्थापन गर्नु सजिलो कार्य होइन र नेपालको सुरक्षाको वातावरणलाई वृहत परिवेशमा हेरिनु पर्दछ । तथापि, विद्यमान शान्ति प्रकृयाको व्यापक विश्वसनीयताका लागि जनताको सुरक्षा महत्वपूर्ण हुन्छ । आचार संहिताको पालना तथा सम्पत्ति फिर्तागर्न सहमति गरिएका संयन्त्र र प्रहरी चौकिहरूको पुनःस्थापना लगायतका विगतका सम्झौताको पूर्ण कार्यान्वयन भएको छ भन्ने कुरा सम्पूर्ण दलहरूले संयुक्त रूपमा सुनिश्चित गर्नु पर्दछ । कार्टर सेन्टरका पर्यवेक्षकहरूले जाहेर गरेअनुसार नेपाल प्रहरीमा पर्याप्त क्षमता र मनोबलको अझै पनि अभाव भएकोले यसलाई कुनै पनि भावि सुरक्षा योजनामा सम्बोधन गरिनु पर्दछ । यसका अतिरिक्त, YCL लाई यसका राम्रा तथा सकारात्मक कामहरूका लागि देशको सुरक्षा संरचनासँग सहकार्य गर्न प्रोत्साहित गरिनु पर्दछ । तर यसले देशको विकासमा सकारात्मक योगदान पुऱ्याउन चाहन्छ भन्ने कुरा नेपाली जनतासामु प्रदर्शन गर्न सम्पूर्ण नकारात्मक गतिविधिहरूको अन्त्य गरिनु पर्दछ ।

**द कार्टर सेन्टर संविधान सभाको निर्वाचनका लागि सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि विस्तृत तथा प्रभावकारी सार्वजनिक सुरक्षा योजनाको विकास तथा कार्यान्यवन गर्न सम्पूर्ण सरोकारवालाहरूले सहकार्य गर्नु पर्दछ भन्ने कुरा दोहोऱ्याउँद छ ।**

## ४. स्थानीय तहमा राजनैतिक तथा निर्वाचनसम्बन्धि गतिविधिलाई प्रोत्साहित गर्ने

वर्तमान अवस्थामा कार्टर सेन्टरका पर्यवेक्षकहरूको अध्ययन अनुसार स्थानीय तहमा राजनैतिक तथा निर्वाचनसम्बन्धि गतिविधिको उल्लेखनीय अनुपस्थिति रहेको देखिन्छ । सम्पूर्ण जिल्लाहरूमा र राजनैतिक दलहरू देखि सरकारी कर्मचारी तथा नागरिक समाजका समूहहरू सम्म स्थानीय संगठनहरू "केन्द्रीय तहबाट निर्देशनको प्रतिक्षामा" छन् भन्ने कुरा यस सेन्टरका पर्यवेक्षकहरूलाई वारम्वार भन्ने गरिएको छ । एकातर्फ प्रयासहरूको

प्रभावकारीता सुनिश्चित गर्न केन्द्रीय तहको समन्वय स्पष्ट रूपमा आवश्यक छ भने अर्कातर्फ ठूलो संख्यामा रहेका सक्रिय समर्थकहरूको उर्जाको सदुपयोग गर्न बाँकि छ । स्थानीय तहका कार्यकर्ताहरूमा केही आधिकार प्रदान गरी उनीहरूलाई योजना निर्माणका लागि प्रोत्साहित गर्ने जस्तै—नागरिक शिक्षा—लगायतका विषयवस्तुमा कार्यक्रम सञ्चालन गर्दा यी संगठनहरू तथा नेपाली जनताको हित हुन सक्दछ ।

**द कार्टर सेन्टर राजनैतिक तथा निर्वाचनसम्बन्धि प्रकृयामा स्थानीय तहको सहभागीताको महत्वलाई अभिलेख राख्दछ साथै स्थानीय तहको सक्रियता तथा बाह्य कार्यक्रमका लागि अवसरहरूको विस्तार गर्ने कुनैपनि कृयाकलापको समर्थन गर्दछ ।**

## निष्कर्सः

नेपाल चुनौतिपूर्ण रुपान्तरणको प्रकृयामा छ र हालसम्म हासिल गरेका उपलब्धिहरूका लागि कार्टर सेन्टर सम्पूर्ण प्रमुख सरोकारवालाहरू तथा नेपाली जनताप्रति हार्दिक सऱ्हाना व्यक्त गर्दछ । द कार्टर सेन्टर साझा उद्देश्यहरू तर्फ अघि बढ्नका लागि अव संयुक्त पहल गर्नु आवश्यक छ भन्ने आफ्ना विचारहरू दोहोऱ्याउँदछ : निर्वाचनको तयारीका लागि दिगो प्रयासमा केन्द्रित रहने तथा महत्वपूर्ण कानुनहरू पास गर्ने, सिमान्तिकृत समूहहरूसंगको सारवान संवादलाई निरन्तरता दिने, प्रभावकारी सार्वजनिक सुरक्षा योजनाको कार्यान्वयन गर्ने, तथा स्थानीय तहमा राजनैतिक तथा निर्वाचन गतिविधिलाई प्रोत्साहित गर्ने । संविधान सभाको निर्वाचन यथार्थमा नोभेम्वरमा सम्पन्न गर्ने हो भने नेपाली नेतृत्वले छोटो समयमा भारी मात्रामा काम सम्पन्न गर्नुपर्ने हुन्छ । माथिका सिफारिसहरूले शान्ति प्रकृयाका उपलब्धिहरूलाई सुदृढ गर्न तथा तोकिएको समयमा विश्वसनीय रूपमा संविधान सभाको निर्वाचन सम्पन्न गर्नका लागि सहजता प्रदान गर्न मद्धत पुऱ्याउने छन् भन्ने यस सेन्टरको विश्वास छ ।

द कार्टर सेन्टर सहयोग तथा उदारका साथ सम्मानको आधारमा आफ्ना अवलोकन तथा सुझावहरू प्रस्तुत गर्दछ र यी सुझावहरू भावी कार्यका लागि छलफलको उपयोगी बुँदा हुन सक्दछन् भन्ने अपेक्षा गर्दछ । यो सेन्टर संविधानसभा निर्वाचन प्रकृयाको पर्यवेक्षण गर्ने यस केन्द्रको प्रयासमा सहजता प्रदान गर्न आफ्नो समय तथा उर्जा प्रदान गर्ने नेपालका कर्मचारी, राजनीतिक दलका सदस्य, नागरिक कार्यकर्ता, नागरिकहरू तथा अन्तराष्ट्रिय समुदायका प्रतिनिधिहरूलाई धन्यवाद ज्ञापन गर्दछ ।

###

*“शान्ति स्थापना, रोगविरूद्ध सङ्घर्ष, आशा सिर्जना ।”*

*द कार्टर सेन्टरले सन् २००७ मा २५ औं वार्षिकोत्सव मनाउने भएको छ । मुनाफारहित गैरसरकारी संस्था कार्टर सेन्टरले ६५ भन्दा बढी मुलुकहरूमा द्वन्द्व समाधान, प्रजातन्त्रको विकास, मानवअधिकार तथा आर्थिक अवसर, रोगको रोकथाम, मानसिक स्वास्थ्य स्याहारमा सुधार र विकासोन्मुख मुलुकहरूमा किसानहरूलाई उत्पादन वृद्धिका लागि प्रशिक्षणका माध्यमद्वारा मानिसहरूको जीवनस्तर उकास्न सहयोग गरेको छ । कार्टर सेन्टर १९८२ मा अमेरिकाका भूतपूर्व राष्ट्रपति जिमि कार्टर तथा वहाँकी धर्मपत्नी रोजालिनद्वारा एमोरी विश्वविद्यालयसँगको साझेदारीमा विश्वव्यापी रूपमा शान्ति तथा स्वास्थ्यको विकासका लागि स्थापना गरिएको थियो । यस केन्द्रले २७ मुलुकमा ६७ वटा निर्वाचन पर्यवेक्षण गरिसकेको छ । द कार्टर सेन्टरबारे थप जानकारीका लागि कृपया* www.cartercenter.org *हेर्नु होला ।*